# माधव नारायण नगरपालिका
# Madhav Narayan Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

माधोपुर, रौतहट
Madhopur, Rautahat,
प्रदेश नं. २, नेपाल
Province No. 2, Nepal

सम्पर्क : ९८५५०४०८२९
९८५५०४४०२५
९८५५०४०४१७


पत्र संख्या : ०७८/०७९
चलानी नं. : २६६
प्राप्त प.सं/च.नं.

मिति :२०७८/०५/२९

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा अध्यक्षज्यूहरु सबै,
श्री वडा सचिवज्यूहरु सबै,
श्री कम्प्युटर अपरेटरज्यूहरु सबै,
माधव नारायण नगरपालिका ।

प्रस्तुत विषयमा यस माधव नारायण नगरपालिकाको नगर सभाबाट आ.व. २०७८/७९ का लागि आर्थिक ऐन, २०७८ ले स्वीकृत गरेको कर तथा गैर कर सम्वन्धि सेवा शुल्क तथा दस्तुर बमोजीम यस नगरपालिका अन्तर्गतका वडाहरुले निर्धारित दस्तुर बमोजीमको राजश्व संकलन नगर्ने गरेको भनी पटक पटक जनगुनासो प्राप्त भएको सन्दर्भमा यस नगर कार्यपालिकाको कार्यालयबाट गत आ.व. २०७७/७८ को मिति २०७७/०७/२३, च.नं. ६३१ तथा मिति २०७७/०९/१५, च.नं. ११७८ बाट यस नगरपालिका अन्तर्गतका वडाहरुमा राजश्व संकलन गर्ने विषयमा पत्राचार गरिएतापनि हालसम्म प्रगति विवरण प्राप्त नभएको तथा केही वडाहरुमा अझै पनि राजश्व संकलन नभईरहेको बुझिन आएको हुँदा नियमित रुपमा आर्थिक ऐन, २०७८ बमोजीम राजश्व संकलन गरी विवरण प्रेषित गर्नुहुन जानकारी गराईन्छ ।

नियमित रुपमा आर्थिक ऐन, २०७८ बमोजीम राजश्व संकलन नहुन्जेल सम्मका लागि राजश्व संकलन नगर्ने वडाहरुमा योजना संचालन, मासिक सेवा सुविधा, जिन्सी/राजश्व तथा प्रशासनिक सेवा सुविधाहरु रोक्का राखिने व्यहोरा जानकारी गराईन्छ ।

.............................
वीरेन्द्र प्रसाद यादव
नगर प्रमुख

बोधार्थ तथा कार्यार्थः
श्री उप प्रमुखज्यू, माधव नारायण नगरपालिका ।
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, माधव नारायण नगरपालिका ।
श्री राजश्व शाखा प्रमुख ज्यू, माधव नारायण नगरपालिका ।
श्री योजना शाखा प्रमुख ज्यू, माधव नारायण नगरपालिका ।
श्री लेखा शाखा प्रमुख ज्यू, माधव नारायण नगरपालिका ।
श्री प्रशासन शाखा प्रमुख ज्यू, माधव नारायण नगरपालिका ।
श्री जिन्सी शाखा प्रमुख ज्यू, माधव नारायण नगरपालिका ।

नियमित रुपमा राजश्व असुली सुचारु भए पश्चात मात्र राजश्व नअसुल्ने वडाहरुमा योजना संचालन, मासिक सेवा सुविधा, जिन्सी/राजश्व तथा प्रशासनिक सेवा सुविधाहरु फुकुवा गर्नुहुन ।